नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
## (PLGSP)
## कार्यक्रम समन्वय इकाई

पत्र संख्या: ०७७/७८
च.नं.: १०७

सिंहदरबार, काठमाडौं
मितिः २०७७/०४/०८

श्री स्थानीय तह, (सबै)।

विषयः **सूचना प्रविधि अधिकृतको करार र पारिश्रमिक सम्बन्धमा।**

प्रस्तुत विषयमा सूचना प्रविधिको प्रयोग बढाई स्थानीय तहमा सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्य अनुरुप स्थानीय तहबाट सेवा करार गरिएका सूचना प्रविधि अधिकृत (IT Officer) को सम्बन्धित स्थानीय तहले तोकेको आधारभुत पारिश्रमिक (मासिक अधिकतम रु. ३५,९९०।-) को ७५ प्रतिशत यस प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) बाट स्थानीय तहलाई सोधभर्ना उपलब्ध गराईने कार्यक्रम रहेकोले यसै साथ संलग्न कार्यविधि अनुसार सूचना प्रविधि अधिकृतको सेवा करार गर्नुहुन र विवरण उपलब्ध गराउनु हुन आदेशानुसार अनुरोध छ।

हरिप्रसाद गुरागाईं
प्रशासकीय अधिकृत

बोधार्थः

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई (सबै): ***आवश्यक सहजीकरण गरिदिनु हुन।***

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम (PLGSP) को सहयोगमा
स्थानीय तहले सेवा करारमा लिई कार्य गर्ने

# सूचना प्रविधि अधिकृतको कार्य विवरण, पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी संक्षिप्त कार्यविधी २०७७

## १. सूचना प्रविधि अधिकृतको सेवा करारको उद्देश्य

- स्थानीय तहबाट प्रदान गरिने सेवा प्रवाहलाई छीटो, छरितो र चुस्त बनाउन सहयोग गर्ने,
- स्थानीय तहको सूचना तथा सेवामा आम जनताको पहुँच वृद्धि गर्ने,
- स्थानीय तहका आवश्यकतालाई सम्बोधन गर्दै विधुतीय शासनको राष्ट्रिय निति तथा लक्ष्यलाई स्थानीकरण गर्ने ।

## २. सूचना प्रविधि अधिकृतले गर्ने प्रमुख कार्यको विवरणहरू (नमुना)

*(सम्बन्धित स्थानीय तहले स्थानीय आवश्यकताअनुसार परिमार्जन गर्न सक्ने)*

- कार्यालयमा स्थापित सूचना प्रविधिका पूर्वाधार, उपकरणहरूको व्यवस्थापन र नियमित राख्न प्राविधिक सहयोग प्रदान गर्ने ।
- स्थानीय तहको website, software, system को नियमित सञ्चालन र अध्यावधिक गर्ने र सहि अभिलेख तथा प्रतिवेदन तयार पार्न आवश्यक सहयोग पुर्याउने ।
- स्थानीय तहको कम्प्युटर प्रणाली सम्बन्धी दैनिक क्रियाकलापहरु सुचारु रुपमा सञ्चालन भएको सुनिश्चित गर्न सहयोग गर्ने ।
- संघीय तथा प्रादेशिक सरकारले माग गरेका सूचना, तथ्याङ्क तथा विवरण स्थानीय तहको सम्बन्धित शाखा / पदाधिकारीसँगको समन्वयमा अध्यावधिक विवरण समयमा उपलब्ध गराउने ।
- सूचना तथा संचार प्रविधिसँग सम्बन्धित राष्ट्रिय नीतिहरुको अध्ययन, नविन सोच र अनुप्रयोगहरूको खोज गर्ने र स्थानीय आवश्यकता अनुसार स्थानीकरण गर्न सहयोग गर्ने ।
- श्रोत नक्शाङ्कनलाई डिजिटाईजेशन गर्ने र डिजिटल प्रोफाइल बनाउन तथा अद्यावधिक गर्नमा सहयोग गर्ने ।
- स्थानीय तहमा सूचना प्रविधि क्षेत्रमा आवश्यक रहेका गतिविधिहरू सहित वार्षिक ICT योजना तयार गर्न सहयोग गर्ने ।
- विधुतीय शासन स्थापनाका लागि आवश्यक उपकरण र उपायहरुको अध्ययन गरि पालिका र वडा स्तरमामा स्थापना गर्न सहयोग गर्दै ग्रामीण समुदायमा समेत सूचना प्रविधिको पहुँच / कनेक्टिविटी स्थापना गर्न सहयोग गर्ने ।
- स्थानीय तहका सबै कर्मचारीहरुलाई विधुतीय शासन, सूचना तथा संचार प्रविधि सम्बन्धी तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गर्न सहजिकरण गर्ने ।
- स्थानीय तहमा सूचना प्रविधिसंग सम्बन्धित कर्मचारीलाई ICT सम्बन्धी ज्ञान तथा नियमित सीप हस्तान्तरण गर्ने ।
- स्थानीय तहको कार्यालय तथा अन्य विषयगत निकायहरुका कार्यक्रम/ परियोजना, सेवा प्रदायक, गैह्र सरकारी संस्था, समुदायमा आधारित संघ-संस्थाहरुका अधारभुत विवरण, बजेट विवरण, सूचना आदि विवरण व्यवस्थित रुपमा राख्न र संप्रेषणमा सहयोग गर्ने ।
- कार्यालयका कर्मचारी, सेवाग्राहीका सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक समस्याहरू समाधान गर्न मद्दत गर्ने ।
- स्थानीय तहका बजेट, योजना, राजस्व, अनुगमन, खरिद लागायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोग गरी कार्यसम्पादनमा सहजिकरण गर्ने,
- कानूनबमोजिम सार्वजनिक गर्नु पर्ने (open data) आवश्यक विवरण संकलन र अध्यावधिक गरी स्थानीय तहको Website लगायत उपयुक्त माध्यमबाट सार्वजनिक रुपमा संप्रेषण गर्ने ।
- स्थानीय तह को ICT status/system को नियमित अडिट गर्ने र सुरक्षा (security) को उचित प्रबन्ध मिलाउने।

- सूचना केन्द्रहरुको स्थापना र संचालनमा सहयोग गर्ने ।
- स्थानीय तहमा भएका असल अभ्यास तथा सूचनालाई नियमित र व्यवस्थित तवरले प्रकाशित गर्ने ।
- प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य कार्यहरु गर्ने ।

## ३. सूचना प्रविधि अधिकृतको कार्य सम्पादन सुचक र पुस्ट्याईंका अधार (नमुना)

*(सम्बन्धित स्थानीय तहले स्थानीय आवश्यकताअनुसार परिमार्जन गर्ने सक्ने)*

| कार्य सम्पादन सुचक | पुस्ट्याईंका अधार |
|---|---|
| • स्थानीय तहमा वेबसाइटको सञ्चालन र अध्यावधिक भई सूचना प्रवाहमा प्रभावकारीता आएको | • स्थानीय तहका वेबसाइट, मोबाइल एपको अवस्था र तिनमा उपलब्ध विवरण तथा सूचना |
| • स्थानीय तहका काम कारवाही नियमित र सहज भई सेवा प्रभावमा सहयोग भएको | • स्थानीय तहका विषयगत शाखाका प्रणाली अवस्था र तिनका प्रतिवेदन<br>• उपकरणहरुको अवस्थाबारे स्टोर शाखाको प्रतिवेदन |
| • सेवा प्रवाहका र सूचना सम्प्रेषणका लागि प्रणाली, उपकरण र उपायहरुको स्थापना भएको | • सम्वन्धित शाखाका प्रणाली तथा उपकरणको स्थापना र अवस्था<br>• हस्त-लिखित दस्तावेज़हरु कम्प्यूटरीकृत (डिजिटाइजसन) भएको<br>• डिजिटल नागरिक वडापत्र, डिजिटल सूचना पाटी, ई-हाजिरी, सामुहिक एस.एम.एस, अडियो नोटिस बोर्ड, पालो व्यवस्थापन प्रणाली, आधिकारिक सामाजिक संजाल (फेसबुक, ट्वीटर, यु-ट्युब) आदिको स्थापना र संचालनको अवस्था<br>• सेवाग्राहीका सन्तुष्टि प्रतिवेदन |
| • स्थानीय तहका विभिन्न सूचना तथा प्रतिवेदन निर्धारित समयमा र नियमित रुपमा सम्प्रेषण भएको | • स्थानीय तह र प्रदेश तथा संघीय सरकारका प्रतिवेदन |
| • इन्टरनेट सेवा र कनेक्टिविटीको स्थापना | • कार्यालयमा इन्टरनेट सेवाको उपलब्धता सुनिश्चित भएको, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरु विचमा कनेक्टिविटी रहेको, 'Free Wi-Fi zone' को स्थापना |
| • नेपाल सरकारको मापदण्ड अनुसार इमेल प्रयोग भई संचालनमा आएको | • सरकारी ईमेलको संख्या र प्रयोग |
| • वर्षको कम्तिमा २ वटा तालिम संचालन भई सम्बन्धित कर्मचारीले दक्षता हासिल गरको | • तालिम तथा अभिमुखिकरण प्रतिवेदन, माईन्यूट<br>• कर्मचारीको आवश्यकता तथा क्षमता विश्लेशण प्रतिवेदन |
| • स्थानिय तहको वस्तुगत विवरणको डिजिटल प्रोफाइल तथा श्रोत नक्शाहरु वार्षिक रुपमा अद्यावधिक गरिएको । | • वस्तुगत विवरणको डिजिटल प्रोफाइल तथा श्रोत नक्शाहरुको उपलब्धता |
| • सूचना तथा संचार प्रविधिसँग सम्बन्धित लेखहरु, सफलताका कथाहरु प्रकाशित भएको । | • प्रकाशित लेखहरु |
| • कार्य क्षेत्रमा नविनता (innovation) | • स्थानिय तहका प्रतिवेदन र उपलब्धिहरु |
| • उपस्थिति समयपालना र अनुशासन | • हाजिरी पुस्तिका र कार्य सम्पादन मुल्याङ्कन |

## ४. सूचना प्रविधि अधिकृतको पारिश्रमिक र सेवा सुविधाः

- सूचना प्रविधि अधिकृतहरुको आधारभुत पारिश्रमिक र अन्य सेवा सुविधा प्रचलित कानुनबमोजिम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाले तोके बामोजिम हुनेछ।
- यसरी तोकिएको आधारभूत पारिश्रमिकको ७५% रकम (अधिकतम मासिक रु.३५,९९०।- को दरले १३ महिनाको जम्मा रकम को ७५% ले हुने वार्षिक रु.३५०,९०३।- र पोशाक भत्ता बापत वार्षिक निजामति कर्मचारीले पाए सरह) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) बाट सम्बन्धित स्थानीय तहमा सोध भर्ना उपलब्ध हुनेछ।
- अन्य सेवा सुविधा प्रचलित कानुनअनुसार सम्बन्धित स्थानीय तहले उपलब्ध गराउन सक्नेछ तर कुनै पनि थप आर्थिक दायित्व यस कार्यक्रमबाट व्यहोरिने छैन ।
- सूचना प्रविधि अधिकृतको पारिश्रमिक वापतको रकम यस PLGSP कार्यक्रमबाट सोधभर्ना स्वरुप निम्नानुसार पठाईने भएकाले सोधभर्ना लिन सम्बन्धित स्थानीय तहले तपसिल बमोजिमको विवरण उपलब्ध गराउनु पर्नेछः

<table>
<tr><th>समय</th><th>उपलब्ध गराउनु पर्ने विवरण</th></tr>
<tr><td>श्रावण १५ भित्र वा सेवा करार संझौता भएको १५ दिन भित्र</td><td>• सूचना प्रविधि अधिकृतको व्यक्तिगत विवरण<br>• अन्य कुराको अतिरिक्त निम्न विवरण स्पष्ट उल्लेख गरिएको करार पत्रः<br>  • आधारभूत पारिश्रमिक र सेवा सुविधा<br>  • सूचना प्रविधि अधिकृतले गर्ने प्रमुख कार्यहरुको विवरण<br>  • करार अवधि</td></tr>
<tr><td>आश्विन मशान्त भित्र (पहिलो किस्ता)</td><td rowspan="3">• सूचना प्रविधि अधिकृतले गर्ने प्रमुख कार्यको विवरणअनुसार कार्य सम्पादन सन्तोषजनक रहेको प्रमाणित प्रतिवेदन<br>• सूचना प्रविधि अधिकृतको प्रमाणित हाजिरी<br>• सो अवधिसम्म स्थानीय तहबाट सूचना प्रविधि अधिकृतलाई भुक्तानी भएको पारिश्रमिक र अन्य सुविधा सम्बन्धी विवरण<br>• संचित कोष खाताको विवरण सहित सम्बन्धित स्थानीय तहले सोधभर्ना माग गरेको पत्र</td></tr>
<tr><td>फाल्गुन मशान्त भित्र (दोस्रो किस्ता)</td></tr>
<tr><td>आषाढ मशान्त भित्र (तेस्रो किस्ता)</td></tr>
</table>

- यस विषयमा स्थानीय तहले उपलब्ध गराउनु पर्ने विवरण कार्यक्रमको Website मा रहेको Link मा गई upload गर्नु पर्ने छ ।

## ५. सूचना प्रविधि अधिकृतको नियुक्ति

- सूचना प्रविधि अधिकृतको नियुक्ति प्रचलित कानुनबमोजिम प्रतिस्पर्धाको आधारमा सम्बन्धित स्थानीय तहले गर्नेछ ।